आमाछोदिङमो गाउँपालिका, गाउँ कार्यपालिका बैठक संख्याः ३।०८१/०८२

मिति २०८१ साल माघ २५ गतेको कार्यपालिका बैठकको निर्णयहरु

१) यस गाउँपालिकामा चालु आर्थिक वर्षमा विनियोजित योजना तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि २०८१ प्रागुन मसान्त सम्ममा उपभोक्ता समिति गठन गर्ने तथा कार्यक्रमहरू सम्झौता गर्न निर्देशन दिने निर्णय सर्वसम्मत पारित गरियो ।

२) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविर्ष २०७७ मा भएको सूचकहरूमा यस गाउँपालिकाले गत आर्थिक वर्ष २०८०।८१ मा गरेको कार्य प्रगतिका सम्बन्या कार्यविधिमा तोकिए बमोजिम स्व मूल्याङ्कन गर्दा प्राप्त भएको अङ्क मध्ये जिल्ला समन्वय समितिबाट प्रमाणीक्षण भए पश्चात् प्राप्त ७८ (अठहत्तर) अङ्कलाई अनुमोदन गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

३) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८१ पौष २८ गतेको प्राप्त पत्रानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सुझाव कार्यान्वयन गर्नको लागि स्थानीय तहलाई आदेश भएको सन्दर्भमा यस गाउँपकाले कार्यान्वयन गर्नुपर्ने सुझावका बुँदाहरू कार्यान्वयन गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

४) चालू आर्थिक वर्षमा सङ्घीय ससर्त कार्यक्रम अन्तरगत यस गाउँपालिकामा प्रधानमन्त्री स्वरोजगार कार्यको लागि प्राप्त भएको बजेट कार्यान्वयन गर्न आवश्यक कर्मचारी सेवा करारमा नियुक्त भइसकेको हुँदा उक्त बजेट कार्यबनको प्रक्रियामा लैजाने निर्णय सर्वसम्मत पारित गरियो ।

५) आमाछोदिङमो गाउँपालिका स्तरिय चौथो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८१ माघ २३ मा उदघाटन भई मिति ०८१ माघ २५ गते समापन गर्ने कार्यतालिका रहेकोमा २०८१ माघ २५ गते विहान विभिन्न विद्यालयहरूबाट तेक्वान्दो खेलमा खेलाडी परिवर्तन गर्नु पर्ने, थप गर्नु पर्ने भनि निवेदन दिएको सन्दर्भमा निवेदन दिएका विद्यालयका प्रधानाध्यापक तथा खेल शिक्षकहरूसँग सहमतिको लागि गाउँपालिका अध्यक्ष समेतले अथक प्रयास गर्दा समेत सहमति हुन नसकेको र अन्तिममा गाउँपालिका अध्यक्षले गरेको निर्णय सबैले मान्नु पर्ने मौखिक सहमति भए अनुसार गाउँपालिका अध्यक्षले "विवादित विधाको खेल कार्यक्रम शुरूवात नै नभएको देखिएकोले उक्त विवादित विधाको तेक्वान्दो खेल चौथो राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको कार्यतालिकाबाट हटाइ पदक गणना नगर्ने र विद्यालयहरूबाट विवाद रहित रूपमा खेलिएको खेलहरूको पदक गणना गरी विद्यालयहरूको स्थान निर्धारण गर्ने" निर्णय दिनु भएकोले सोहि निर्णय पारित गर्दै तेक्वान्दो खेल खेलाउन कार्यक्रममा उपस्थित भएका सबै रेफ्रि तथा सहायक रेफ्रीहरूको भत्ता तथा खाना आवास खर्च गाउँपालिकाबाट व्यहोर्ने ।

६) यस गाउँपालिकाको प्रशासनिक भवन निर्माण गर्नको लागि आवश्यक जग्गा विवाद समाधान गर्न जिल्ला समन्वय रसुवाको समन्वय प्रमुखको संयोजकत्वमा समिति गठन भई उक्त समितिबाट सुरक्षा निकाय समेतको सहभागितामा स्थलगत अनुगमन समेत गरिसकेको सन्दर्भमा जिल्ला समन्वय समितिबाट हालसम्म यस गाउँपालिकामा कुनै जानकारी प्राप्त नभएको र मिति २०८१ माघ २२ गते आमाछोदिङमो गाउँपालिका वडा नं ४ का स्थानीयबाट गाउँपालिकाको प्रशासनिक भवन निर्माणको जग्गाका सम्बन्धमा जिल्ला समन्वय समिति रसुवामा छलफल भईरहेकोले यस सम्बन्धमा कुनै प्रकिया अघि नबढाउन ज्ञापन पत्र पेश भएको हुँदा प्रशासनिक भवन निर्माणको जग्गा खोजि सम्बन्धमा के भई रहेको छ जानकारी गराउन जिल्ला समन्वय समिति रसुवालाई अनुरोध गर्ने ।

७) गाउँपालिकाको लागि गत आर्थिक वर्ष २०८०।८१ मा सङ्घीय विशेष योजना अन्तरगत ठूलो हाकु गाउँ नाली व्यवस्थापन शीर्षकमा विनियोजन भएको बजेट रकम कार्यान्वयन गर्ने सिलसिलामा प्रक्रियागत त्रुटीका कारण कार्यान्वयन सकि बजेट रकम खर्च हुन नसकेको हुँदा आगामी आर्थिक वर्षमा त्रुटी नहुने गरी कार्यक्रम कार्यान्वयन गर्ने ।

८) गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत गोपाल प्रसाद दुलालले सरूवा भई जान चाहनु भएकोले प्रमुखकीय अधिकृतको सरूवा पश्चात सङ्घीय कर्मचारी प्रमुख प्रशासकीय अधिकृतमा खटिई नआउन्जेल यसै पालिकाको स्वास्थ्य शाखामा जनस्वास्थ्य निरीक्षक अधिकृतस्तर छैटौं पदमा कार्यरत निमा नुर्पु तामाङलाई प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने ।

ऋषिकेश अधिकारी
नि.प्रमुख प्रशासकीय अधि